"शिक्षा, स्वास्थ्य, कृषि र रोजगार; समृद्ध मनहरीको आधार"

# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल ।

प.सं.: २०७९/०८०
च.नं.: ४०८

मिति २०७९/०६/११

श्री मनहरी गाउँपालिका
सबै शाखा/उपशाखा प्रमुखज्यूहरु
वडा कार्यालय/वडा सचिवज्यूहरु
मनहरी, मकवानपुर ।

विषय : निर्णय कार्यान्वयन गर्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा मिति २०७९ साल आश्विन ०९ गते आईतवार बसेको आ.व. ०७९/८० को चौथो गाउँ कार्यपालिका बैठकको निर्णय पाना छ (६) थान यसैसाथ संलग्न छ । सो निर्णयानुसार तहाँ संग सम्वन्धित निर्णयहरु हेरी समयमै आवश्यक कारबाही गर्नु गराउनु हुन अनुरोध छ ।

...........................
(संगिता अधिकारी)
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७९/०६/९ गते आईतवार बिहान ७:०० बजे यस मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको आ.व. ०७९/०८० को चौथो बैठक गाउँपालिकाका अध्यक्ष श्री रन्जन कालाखेतीज्यूको अध्यक्षतामा निम्न पदाधिकारीज्यूहरुको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो।

## उपस्थिति

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाखिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं.वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं.वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं.वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं.वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं.वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री संती माया नामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |

CamScanner

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

२०७९ आश्विन ०९ गते गाउँ कार्यपालिका बैठकमा छलफलको विषयवस्तु

१. विगतका निर्णयको समीक्षा सम्बन्धमा ।

२. जनतासँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ सम्बन्धमा ।

३. ढुङ्गा गिटी बालुवा जिल्ला अनुगमन समितिको बैठकको निर्णय सम्बन्धमा ।

४. आर्थिक वर्ष २०७९।०८० को वडा नं. ४ को भुक्तानी हुन बाँकी नयाँ वस्ती बाटो स्तरीकरण योजना सम्बन्धमा ।

५. सर्वोच्च अदालतमा विचाराधिन मुद्दामा गाउँपालिकाको तर्फबाट बहस पैरवी तथा तारेख लिने व्यक्ति तोक्ने सम्बन्धमा ।

६. बाँझो तथा उपयोगमा नआएका कृषियोग्य जग्गामा उत्पादन प्रवर्द्धन कार्यक्रम संचालन सम्वन्धमा ।

७. ४ नं. वडा कार्यालयको वडा भवन निर्माणको लागि निशुल्क जग्गा प्राप्ती सम्बन्धमा ।

८. विभिन्न संस्था तथा व्यक्तिले तपसिल वमोजिम आर्थिक सहायता/योजना माग गरेको सम्बन्धमा ।

९. रासी खोलामा अस्थायी काठेपुल निर्माण सम्बन्धमा ।

१०.अपाङ्ग स्वावलम्बन जीवन पद्धती केन्द्रले पेश गरको कार्यक्रम प्रस्तावना सम्बन्धमा ।

११.विभिन्न वडामा खेलकुद कार्यक्रम सञ्चालन सम्बन्धमा ।

१२. सानान्टार हाँडीखोला झोलुङ्गेपुलबाट गाउँपालिकाको वडा नं. ३ हाँडीखोला ओर्लने बाटो मर्मत सम्बन्धमा

## निर्णयहरु

१.प्रस्ताव नं १ माथी छलफल गर्दा यस आर्थिक वर्षमा तीनवटा बैठक सम्पन्न भएको र सो बैठकंहरुबाट २९ वटा प्रस्तावहरु पारित भएकोमा सबैजसो निर्णयहरु कार्यान्वयन भईसकेको हुँदा व्यहोरा अवगत भई अझै प्रभावकारी ढंगले कार्यान्वयन गर्न सम्बद्ध पक्षलाई निर्देशन दिने निर्णय गरियो ।

२.प्रस्ताव नं २ माथी छलफल गर्दा जनतासंग अध्यक्ष/ उपाध्यक्ष विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ पारित गरि राजपत्रमा प्रकाशन गर्न गाउँ कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।



रन्जन कालाखेती
अध्यक्ष

CamScanner

३.प्रस्ताव नं ३ माथी छलफल गर्दा ढुङ्गा गिटी बालुवा जिल्ला अनुगमन समिति मकवानपुरको मिति २०७९।०५।२३ को बैठकबाट पारित निर्णय प्राप्त भई छलफल भयों । समितिले गरेको निर्णयमा मापदण्ड विपरितका क्रशर तथा बालुवा उधोग अनुमन गरि बन्द गर्ने, जरिवाना गर्ने र स्टक प्रमाणित लगायतका विषयमा स्थानीय राजस्व परामर्श समितिमा छलफल गरि उपयुक्त निष्कर्ष सहित आगामी गाउँ कार्यपालिका बैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

४.प्रस्ताव नं ४ माथी छलफल गर्दा गाउँपालिकाको वडा नं. ४ मा नयाँ वस्ती बाटो स्तरीकरण योजना आर्थिक बर्ष २०७८।०७९ मा बजेट विनियोजन भइ कार्य समेत सम्पन्न भएको र रकम भुक्तानी लिन गाउँपालिकाको शुत्र बन्द भए पश्चात मात्र उपभोक्ता समितिका पदाधिकारी भुक्तानी लिन आएको हुँदा उपभोक्ता समितिबाट सम्पन्न कार्यको भुक्तानी दिनु पर्ने देखिएकोले अन्य सार्वजनिक निर्माण शिर्षकबाट रु. २,००,०००। सो योजनाको लागि भुक्तानी दिने निर्णय गरियो ।

५.प्रस्ताव नं ५ माथी छलफल गर्दा सम्मानित सर्वोच्च अदालतमा चलिरहेको निवेदक मनहरी गाउँपालिका समेत र प्रत्यर्थी सुरज आचार्य र विकास वतौंला भएको ०७७-CI-०४३६ र ०४३५ को उत्प्रेषण र परमादेश निषेधाज्ञा मुद्दा दई थान र प्रत्यर्थी ऋषिलाल श्रेष्ठ र यदुनाथ श्रेष्ठ भएको ०७७- CI-०४३४ र ०४३७ को निषेधाज्ञा मुद्दामा गाउँपालिकाको तर्फबाट न्यायिक सहजकर्जा रेखा सापकोटालाई दिइएको अख्तियारी कार्यव्यस्थता तथा भौगोलिक दूरी टाढा भएको कारण आउन जान कठिन भइरहेको हुँदा रद्द गरि काठमाडौं जिल्ला कागेश्वरी मनोहरा वडा नं. १ निवासी कानून व्यावशायी श्री लक्ष्मणप्रसाद फुयाललाई सोही मुद्दामा तारेखमा रहि पुर्पक्ष गर्ने, बहस पैरवी गर्ने, लगायत जे जो गर्नु पर्ने सम्पूर्ण कामको लागि अख्तियारी दिने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मिति २०७९ साउन ४ गते प्रकाशित सूचना बमोजिम बाँझो तथा उपयोगमा नआएका कृषियोग्य जग्गामा उत्पादन प्रबर्द्धन कार्यक्रम संचालन सम्वन्धमा तपसिल बमोजिम जग्गाधनी प्रमाण पुर्जा समेत पेश गर्ने मेगाश्री कृषि तथा पशुपन्क्षी प्रा.लि. मनहरी ७ ले आफ्नो १३ कठ्ठा ९ धुर जग्गामा करिब ६५०००००। को लगानीमा बंगुर तथा माछा पालन गर्न चाहेको र यस गाउँपालिकामा सो कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने थप ३ जनाको जग्गा एकीन भई आए पश्चात पुन पठाउने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा ४ नं. वडा कार्यालयको वडा भवन निर्माणको लागि वडा नं. ४ निवासी श्री दलबहादुर थापाको नाममा नापी नक्सा तथा जग्गाधनी प्रमाण पुर्जा रहेको साविक हाँडीखोला गा.वि.स. वडा नं. ७ को कि.नं. १५९७ को ०-३-१९-५ क्षेत्रफल मध्येबाट ०-१-०-० तथा सोही स्थान निवासी श्री मैया थापाको नाममा नापी नक्सा तथा जग्गाधनी प्रमाण पुर्जा रहेको साविक हाँडीखोला गा.वि.स. वडा नं. ७



रन्जन कालाखेती
अध्यक्ष

CamScanner

जग्गा कि.नं २६० को ०-१७-१४-५ क्षेत्रफल मध्येबाट ०-२-०-० निशुल्क रुपमा वडा कार्यालयलाई उपलब्ध गराउन मञ्जुरीनामा पेश भएको, सम्बन्धित वडा समितिले समेत प्राप्तिका लागि निर्णय गरि पठाएको तथा कार्यालय भवन निर्माणको लागि उपयुक्त रहेको प्रतिवेदन समेत प्राप्त भएको हुँदा वडा कार्यालयको नाममा उक्त जग्गा प्राप्त गर्न आवश्यक कागजात तथा प्रकृया सहित सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा गाउँपालिकाका ठूलो बाढी नआउँदाको लागि राप्ति नदीमाथिका निम्नानुसारका स्थानमा अस्थायी काठेपुल निर्माण गरी सहज आवतजावत र सामान्य सवारी साधन सञ्चालन गरी गाउँपालिका केन्द्र तथा सडक सञ्चालमा जोड्न विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने गरि हेटौडा १९ वस्तीपुरबाट भुन्द्रुङ जोड्ने काठेपुल तथा हेटौडा १९ सानान्टारबाट हाँडीखोला जोड्ने काठेपुलको लागि रु. ३,००,०००। को दरले रकम उपलब्ध गराउने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा तपसिल बमोजिमको संस्था तथा व्यक्तिले तपसिल बमोजिम आर्थिक सहायता/योजना माग गरेको सम्बन्धमा छलफल हुँदा तपसिल बमोजिम सहयोग रकम तपसिलमा उल्लेख भएको शिर्षकबाट नियमानुसार बील भरपाई प्राप्त गरि उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं. | सहयोग माग गर्ने | माग गर्नाको कारण | उपलब्ध गराइने रकम | शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | इलाका प्रहरी कार्यालय नेवारपानी | कार्यालयको गाडी बिग्रिएको | २००००। | सवारी साधन मर्मत खर्च | मर्मत फर्म/कम्पनीको नाममा भुक्तानी दिने |
| २ | ट्राफिक प्रहरी कार्यालय मनहरी | कार्यालयको गाडी बिग्रिएको | २००००। | सवारी साधन मर्मत खर्च | मर्मत फर्म/कम्पनीको नाममा भुक्तानी दिने |
| ३ | सिआन पुनस्थापना केन्द्र हेटौडा | मनहरी ९ निवासी राजेश नेपालीलाई मानसिक रोगको निशुल्क उपचारमा सहयोग उपलब्ध गराएको | २००००। | आर्थिक सहायता | |
| ४ | नेपाल कम्युनिष्ट पार्टी केन्द्रिय समिति | महाधिवेशन सहयोग | ५५,०००। | आर्थिक सहायता | |

रन्जना कालाखेती
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | १ नं. वडा कार्यालय | चकरी मकरी सडकमा चकरी खोलाको सतह बढ्दा आवज जावतमा समस्या | दुइ थान ह्युम पाइप | विपद् व्यवस्थापन कोष | प्राविधिक लागत अनुमान बमोजिम |

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ७ मा रहेको अपाङ्ग स्वावलम्बन जीवन पद्धती केन्द्र मनहरी ७ ले मिति २०७९ श्रावण २८ गते गाउँपालिका भित्रका पूर्ण अपाङ्ग भएका व्यक्तिहरुको लागि व्यक्तिगत सहयोगी कार्यक्रम सञ्चालन गर्दै आइरहेको र यस बर्ष पनि सो कार्यक्रम सञ्चालन गर्न प्रस्ताव पेश गरेको र आर्थिक वर्ष २०७९।०८० मा गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत अपाङ्ग व्यक्तिगत सहयोगी व्यवस्था शिर्षकमा गाउँपालिकाले बजेट विनियोजन गरेको हुँदा सो केन्द्रसंग सम्झौता गरि कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा वडा नं. विभिन्न वडामा खेलकुद प्रतियोगिता सञ्चालन गर्न माग भई आएको सम्बन्धमा छलफल हुँदा तपसिलको वडामा तपसिल खेलकुद कार्यक्रम सञ्चालन गर्न तपसिलको शिर्षकबाट तपसिल बमोजिम रकम उपलब्ध गराउने निर्णय गरियो ।

| वडा नं. | खेलकुद विवरण | सञ्चालन गर्ने | उपलब्ध गराइने रकम | शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | फुटबल प्रतियोगिताको लागि सहयोग | परिवर्तनशिल क्लब चकरी, मोडर्न युथ क्लब ए र बि जनशिद्ध क्लब पर्ता मनहरी १ | ३०,०००। | स्थानीय प्रतियोगिता तथा अभ्यास | |
| २ | टोलस्तरीय फुटबल प्रतियोगिता | सिर्जनशिल युवा क्लब मनहरी २ | ३०,०००। | स्थानीय प्रतियोगिता तथा अभ्यास | |
| ३ | वडा अध्यक्ष कप फुटबल प्रतियोगिता | हाँडीखोला युथ क्लब मनहरी ३ | १,००,०००। | अध्यक्ष कप फुटबल प्रतियोगिता | |
| ४ | मैत्रीपूर्ण फुटबल प्रतियोगिता | जनजागरण युवा क्लब मनहरी ४ | १,००,०००। | स्थानीय प्रतियोगिता तथा अभ्यास | |

रन्जन कालाखेती
अध्यक्ष

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | टोल स्तरीय फुटबल प्रतियोगिता | सूर्य किरण युवा क्लब मनहरी ५ | ३०,०००। | स्थानीय प्रतियोगिता तथा अभ्यास | |
| ६ | वडास्तरीय खेलकुद प्रतियोगिता | सुनाचुरी चौकीटोल फुटबल समूह तथा सुनाचुरी क्रिकेट समूह मनहरी ६ | ३०,०००। | स्थानीय प्रतियोगिता तथा अभ्यास | |
| ७ | विविध खेलकुद सहयोग कार्यक्रम | मनहरी ७ | ३०,०००। | स्थानीय प्रतियोगिता तथा अभ्यास | |
| ८ | क्षेत्रीय भलिबल प्रतियोगिता | द राइजिङ स्टार युथ क्लब मनहरी ८ | ३०,०००। | स्थानीय प्रतियोगिता तथा अभ्यास | |
| ९ | वडा स्तरीय फुटबल प्रतियोगिता | केदारेश्वर युवा क्लब मनहरी ९ | ४०,०००। | स्थानीय प्रतियोगिता तथा अभ्यास | |

१२. प्रस्ताव नं. १२ माथि सानान्टार हाँडीखोला झोलुङ्गेपुलबाट गाउँपालिकाको वडा नं. ३ हाँडीखोला ओर्लने बाटो मर्मतको लागि अन्य सार्वजनिक निर्माणका योजनाहरु शिर्षकबाट रु. १०००००। उपलब्ध गराउने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मतिले पारित गरि बैठक समापन गरियो ।

रन्ज... गलाखर्ती
अध्यक्ष



CamScanner